राजपुर गाउँपालिका (कार्यसम्पादन) नियमावली,२०७४ को दफा ९(१) बमोजिम राजपुर गाउँ कार्यपालिका अध्यक्षबाट कसिधै प्रस्तुत प्रस्तावहरु :

१. कृषि अधिकृत करार सेवामा नियूक्ति गर्ने सम्बन्धमा ।
२. राजपुर स्वास्थ्य चौकीमा रोडियोग्राफर र कार्यालय सहयोगी करार नियुक्ति सम्बन्धमा ।
३. भुमिहीन सुकुम्बासी लगत संकलन ईकाईको लागि करार सेवामा भर्ना  गर्न सम्बन्धमा ।
४. घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धमा ।
५. गोठुवा-लुम्बतारा झोलुङे पुलको रकम भुक्तानी सम्बन्धमा ।
६. कार्यक्रम संचालन कार्यविधि निर्माण सम्बन्धमा ।
७. आवधिक योजना सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकामा प्रदेश सरकार कोभिड विषेश कृषि कार्यक्रम संचालनको लागि आवश्यक कृषि अधिकृत पदको पदपूर्ति समितिको मिति २०७७।१२।१८ को सिफारिस निर्णय अनुसार ४ वर्षे BSc.Ag उत्तीर्ण गरि आएको दाङ जिल्ला राजपुर ४ बस्ने श्री नविन राज चौधरीलाई मिति २०७७।१२।२० गते देखि लागु हुने गरि करार सेवामा नियुक्ती गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा राजपुर स्वास्थ्य चौकीमा रहेको एक्सरे मेसिन सञ्चालनका लागि आवश्यक रेडियोग्राफर पदको  पदपूर्ति करार सेवामा नियुक्ति गर्ने मिति २०७७।०६।.१९.....मा सुचना प्रकाशन गरिएको सो सुचना माथि एक जना मात्र उमेद्वारको दरखास्त दर्ता भएको  निज उमेद्वार २०७८।०१।१० गते विहान १०:०० बजे अन्तरर्वाता परिक्षा उपस्थित नभएको सो सम्बन्धमा उक्त पदमा पदपुर्ति गर्ने ७ दिने सार्वजनिक सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस राजपुर गाउँपालिका अन्तरगत भुमिहीन सुकुम्बासी लगत संकलन ईकाईको लागि आवश्यक तपसिलका पदहरुमा पद पूर्ति गर्न पद पूर्ति समितिको २०७७।१२।१२ र २०७७।१२।१९ गतेको सिफारिस निर्णय अनुसार देहाय बमोजिमका उमेद्वारहरुलाई मिति २०७८।०१।०१ देखि लागि हुने गरि करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | नाम थर | ठेगाना | पद | करार अवधि |
|---|---|---|---|---|
| १ | मनोज शाही | आठविसकोट ९ पश्चिम रुकुम | अमिन | २०७८।०१।०१ देखि आषाढ मसान्त सम्म |
| २ | ओम नारायण यादव | राजपुर ३ | लगत प्रविष्टिकर्ता | २०७८।०१।०१ देखि आषाढ मसान्त सम्म |
| ३ | तिलक राम वि.क. | राजपुर २ | सामाजिक परिचालक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| ४ | मुकेश्वर साह तेली | राजपुर ३ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| ५ | शिव कुमार यादव | राजपुर ५ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| ६ | राम लाल यादव | राजपुर ५ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| ७ | राजेश कुमार यादव | राजपुर ४ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| ८ | मनिषा कुमारी चौधरी | राजपुर ६ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| ९ | पुनाराम यादव | राजपुर ३ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| १० | राधा कुमारी यादव | राजपुर ३ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| ११ | दिपक चौधरी | राजपुर ६ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| १२ | भानु प्रसाद यादव | राजपुर ३ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| १३ | अनिदा चौधरी | राजपुर २ | तथ्याङ्क संकलक | २०७८।०१।०१ देखि २०७८।०२।१५ सम्म |
| १४ | निरज यादव | राजपुर ४ | फिल्ड सहयोगी | २०७८।०१।०१ देखि आषाढ मसान्त सम्म |

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस राजपुर गाउँपालिका वडा नं १ बस्ने श्री सन्त अधिकारीको सूर्य ए वि.सी. निर्माण सेवा ,राजपुर १ ले घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउनको लागि दरखास्त पेश गरेको, निजहरुले पेश गरेको निवेदन रितपूर्वक भएको नभएको सम्बन्धमा जाँचवुझ गरी प्रतिवेदन पेश गर्न संयोजक इन्जिनियर श्री हनुमन्त चौधरी, सुचना प्रविधि अधिकृत शरद रेग्मी सदस्य र सदस्य-सचिव अधिकृत श्री महेश थापा ठेडीलाई तोकिएको र निजहरुले निवेदन रितपूर्वक भएकोले इजाजतपत्र दिन उपयुक्त हुने भनि शिफारिस गरेकोले राजपुर गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७५ को दफा ३ को उपदफा(३) बमोजिम इजाजतपत्र दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गोठुवा-लुम्बतारा झोलुङे पुलको रकम भुक्तानी सम्बन्धमा राजपुर गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री भिम बहादुर खड्काको संयोजकत्वमा पुलको सम्बन्धमा

अध्ययन गर्दा इष्टिमेट बमोजिम संझौता नभएको कारण उपभोक्ताको भुक्तानी रोकिएको झोलुङ्गे पुलको इष्टिमेट अनुसार सेवा प्रतिष्ठान नेपाल मुख्य कार्यालय पुलसीपुर दाङको च.नं. ७६ मिति २०७७०९।२३ को पत्र बाट संझौता संसोधनका लागि सिफारिस साथ नयाँ संझौता बनाइएको अतः संसोधित संझौता बमोजिम रकम २३,१३,९८५।०३ हुनुपर्नेमा पुरानो संझौताको रकम १४,७३,८७१।४९ भएकाले उक्त संझौतालाई लगत इष्टिमेटमा उल्लेख भएको रकम अनुसारको संसोधित संझौता स्वीकृत गरि दिनुहुन अनुरोध गरिएकोमा उक्त पुरानो संझौता पत्रमा उपभोक्ता समितिले पाउनु पर्ने रकम रु १४,७३,८७१।४९ भएको हुँदा इष्टिमेट बमोजिम रु २३,१३,९८५।४९ पाउनु पर्नेमा रु ८,४०,११३।५४ फरक पर्न गएको हुँदा सुरु संझौतामा त्रुटी हुन गएको हुँदा ल.ई. बमोजिम संसोधित संझौता सदर गरि दिन गाउँपालिकामा सिफारिस गर्ने भनि प्रतिवेदन पेश भएको सम्बन्धमा यस बर्षको विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कृषि विकास, पशु सेवा शाखा र मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तरगत कृषि र पशु संग सम्बन्धीत आ.व. २०७७।७८ मा स्वीकृत कार्यक्रम संचालन गर्न कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको पन्च वर्षिय योजना (Periodic Plan) स्वीकृत गरि गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।